**Himalayan Distillery Ltd.**
Birgunj, Parsa

DNV·GL ISO 9001 | DNV·GL ISO 22000 | DNV·GL ISO 14001 | DNV·GL OHSAS 18001 | DNV·GL GMP

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ. ब. २०७६/७७ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन (२०७७ वैशाख, जेष्ठ र आषाढ)

## १. वित्तीय विवरण:

क. यस कम्पनीको आर्थिक वर्ष २०७६/७७ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्बन्धित सम्पूर्ण शेयरधनीको जानकारीको धितोपत्र दर्ता निष्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ।

ख. प्रमूख वित्तीय अनुपातहरु:

| | |
|---|---|
| १. प्रति शेयर आम्दानी: | रु.८०.५७ |
| २. पी. ई. अनुपात: | १९.८५ |
| ३. प्रति शेयर नेट वर्थ: | रु.२१६.७३ |
| ४. प्रति शेयर कुल सम्पतिको अनुपात: | रु.२२२.०० |
| ५. तरलता अनुपात: | १.९५ |

## २. व्यवस्थापकीय विश्लेषण:

क. हालै मात्र विश्व स्तरमा फैलिएको Coronavirus (COVID-19) को संक्रमण नेपालमा पनि विस्तारै दिनानु दिन बढ्दै गएको र यस्तो संक्रमणबाट बच्नका लागि नेपाल सरकारले २०७६ चैत्र ११ गते देखि देशमा गरेको Lockdown प्रस्तुत वर्षको अन्त्यसम्म नै रहेको र यो प्रतिवेदन प्रकाशन मितिसम्म पनि मदिरा बिक्री वितरणका मूख्य बजार मानिएका होटल, रेष्टुरेण्ट, वार, क्लव, पार्टी प्यालेस जस्ता क्षेत्रहरु संचालनमा नआउदा कम्पनीका उत्पादनहरुको बिक्री वितरण एवं खपतमा कमी आएको छ।

ख. कम्पनीले आफ्ना उत्पादनको प्रवर्द्धन एवं बजारीकरणमा हुने खर्चलाई मितव्ययी किसिमले गर्ने र अन्य लागतहरुको पनि उचित व्यवस्थापनको कारणबाट यस शिर्षक अन्तर्गतको खर्च गत वर्षको यसै अवधिको भन्दा न्यून हुन गएको छ।

## ३. कानूनी कारवाही सम्बन्धी विवरण:

क. केहि व्यक्तिले यस कम्पनीसँग रोजगार दावी गर्ने उद्धेश्यले फर्जि कागजातहरु बनाई नियुक्ती दावी गरेको विषयमा श्रम अदालतमा पुनरावेदन गरेकोमा सो कागजात कीर्ते जालसाजी भएको भनी पर्सा जिल्ला अदालतले फैसला गरी त्यस्तो कार्य गर्ने संलग्न भएका भनी यस कम्पनीले विपक्षी बनाई सजाय माग गरेका मध्ये केहिलाई मात्र दोषी ठहरयाएको हुँदा सो उपर उच्च अदालत, जनकपुर अस्थायी ईजलास वीरगंजमा पुनरावेदन गरिएको छ। यसै सँग सम्बन्धित श्रम अदालत काठमाडौंमा दायर मुद्धा हाल मुल्तवीमा रहेको छ।

ख. यस कम्पनीको ख्याति प्राप्त र उपभोक्ताले अत्यधिक रुचाएको Golden Oak नामक ब्राण्डको स्विकृत लेवलको हुवहु हुने गरी नक्कल गरी विभिन्न उद्योगहरुले दर्ता आवेदन माग गर्ने, आवेदन गरे अनुसारको लेवलको प्रयोग गरी विभिन्न नाम राखी उत्पादन गरी वजारमा विकी वितरण गर्ने होडवाजी नै चलेको हुनाले नक्कल गर्ने उद्योगहरुका विरुद्धमा कानूनी संरक्षण र आवश्यक कारवाहिको लागि उद्योग विभाग, त्रिपुरेश्वरमा उजुरी दायरा गरिएको जानकारी गराउदछौं।

ग. यस कम्पनीले दायरा गरेको ट्रेडमार्कसँग सम्वन्धित विषयका जम्मा ६(छ) थान पुनरावेदन उपर उच्च अदालत पाटनले पुनरावदेन दावी नपुग्ने फैसला गरेको हुँदा सो उपर अब अबलम्वन गर्नु पर्ने कानूनी उपचारको बाटोको सम्वन्धमा छलफल भैरहेको छ।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२।०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नवुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनमा गरिएकोमा सो सम्बन्धि विषयहरुमा प्रस्तुत त्रैमासिक अवधिमा पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन।

## ४. यस संस्थाको शेयर कारोबार सम्बन्धी विवरण:

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोबार हुने गरेको छ।

ख. यस चौथो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोबार तपशिल अनुसार भएको देखिन्छ। (श्रोत: .www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम मूल्य: | रु. १,६६९।०० |
| न्यूनतम मूल्य: | रु. १,१४०।०० |

## ५. समस्या तथा चुनौती:

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन्।

क. विश्व स्तरमा महामारी कै रुपमा फैलदै गएको Coronavirus (COVID-19) संक्रमणबाट सुरक्षित रहनका लागि नेपाल सरकारले गरेको Lockdown का कारणबाट मदिराजन्य पदार्थ बिक्रि गर्न रोक लगाईएको कारणबाट यस अवधिमा हुने मदिराको बिक्री वितरणमा प्रत्यक्ष प्रभाव परेको हुनाले समग्र कम्पनी कै व्यवसायिक कारोवारमा असर परेको छ।

ख. मदिराजन्य पदार्थको खपत Coronavirus (COVID-19) महामारी र नेपाल सरकारले यस अवधिमा जारी गरेको मदिरा बिक्री वितरण सम्बन्धि नीतिका कारण उद्योगका उत्पादन तथा बिक्री वितरणमा उल्लेख्य मात्रामा ह्रास आएको छ। Coronavirus (COVID-19) को संक्रमण तिव्र गतिमा फैलदै गएको हुनाले उद्योगको उत्पादनहरु बिक्री वितरण हुने क्षेत्रहरु प्राय जसो बन्द रहेको हुनाले कम्पनीले लक्ष्य लिए अनुरुपको मुनाफा प्राप्त गर्न सकिएको छैन।

ग. यस प्रतिष्ठानले उत्पादन गरि रहेको र बजारमा उपभोक्ताले बढि रुचाएको Golden Oak नामक ब्राण्डको मदिराको बिक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई झुक्यानमा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गरि बिक्री वितरण गर्ने कार्य अन्य उद्योगबाट जारी नै रहेको छ। यसबाट उपभोक्ताको रोजाईमा परेको Golden Oak को ख्यातिमा असर पर्ने देखिन्छ। साथै कम्पनीको ट्रेडमार्क अंकित बोतलहरु प्रयोग गर्ने, सक्कली Golden Oak जस्तै लेवल बनाई विभिन्न नाम दिई उत्पादन गरी कम शक्ती र कम गुणस्तरको मदिरा बिक्री वितरण गर्ने कार्यले नेपाल सरकारलाई प्राप्त हुने राजश्व कम हुने एकातर्फ छँदैछ भने अर्का तर्फ कम्पनीका उल्लेखित ब्राण्डहरुको पहिचान यथावत रुपमा राख्नका लागि चुनौति थपिएको छ। यस्ता कार्य उपर यथासमयमा कानूनी कारवाही समेत गर्दै आएको भएता पनि प्रभावकारी नियन्त्रण भने हुन सकेको पाईदैन।

## ६. संस्थागत सुशासन:

कम्पनीले आन्तरिक लेखा परीक्षकको कार्यलाई मजबुत एवं व्यवस्थित बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्त: शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्त: शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यलाई निरन्तरता दिएको छ। उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरुसँगको सम्वन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई कटौति गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ बनाउनका लागि सकेसम्म ब्यवस्थापन लाग्ने ब्यहोरा सबैमा अवगत गराउन चाहन्छौं।

## ७. सत्य तथ्य सम्बन्धमा अध्यक्ष/प्रमुख कार्यकारीको उद्घोष :

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु। मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन। कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु।

### Provisional Statement of Financial Position as on 31st Asadh, 2077 (4th Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 570,026,415 | 576,867,804 | 605,043,243 |
| Capital Work in Progress | - | - | - |
| Intangible Assets | 873,925 | 1,004,403 | 1,392,967 |
| Financial Assets - Advance for investment in equity instrumets | 22,077,859 | 21,900,050 | 21,894,550 |
| Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **613,171,341** | **619,965,398** | **648,523,902** |
| **Current Assets** | | | |
| Inventories | 429,842,396 | 671,759,052 | 301,632,908 |
| Financial Assets | | | |
| Trade & Other Receivable | 909,731,938 | 585,428,588 | 403,175,744 |
| Cash & Bank Balance | 12,131,959 | 8,180,978 | 3,594,383 |
| Other current assets | 22,440,714 | 33,397,233 | 37,581,708 |
| **Total Current Assets** | **1,374,147,007** | **1,298,765,851** | **745,984,743** |
| **Total Assets** | **1,987,318,348** | **1,918,731,250** | **1,394,508,645** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share capital | **578,468,250** | **578,468,250** | **385,645,500** |
| Other equity - Reserve and surplus | 675,270,290 | 646,343,215 | 602,841,158 |
| **Total equity** | **1,253,738,540** | **1,224,811,465** | **988,486,658** |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities - Borrowings | 1,956,030 | 4,217,642 | 3,765,256 |
| Deferred Tax Liabilities | 28,525,239 | 28,525,239 | 28,525,239 |
| **Total Non-Current Liabilities** | **30,481,269** | **32,742,880** | **32,290,495** |
| **Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 150,395,638 | 175,605,257 | 162,710,868 |
| Trade payables | 118,551,724 | 174,614,581 | 63,065,724 |
| Other financial liabilities | 46,474,648 | 94,032,723 | 44,632,348 |
| Other current liabilities | 309,889,139 | 146,338,680 | 96,346,426 |
| Current tax liabilities | 77,787,391 | 70,585,663 | 6,976,126 |
| **Total Current Liabilities** | **703,098,539** | **661,176,905** | **373,731,492** |
| **Total Equity & Liabilities** | **1,987,318,348** | **1,918,731,250** | **1,394,508,645** |

### Provisional Statement of Profit or Loss for the Quarter ended as on 31st Asadh, 2077 (4th Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Revenue from Sale of Goods | 2,340,389,493 | 1,812,282,890 | 3,128,905,728 |
| Less: Cost of Goods Sold | 1,087,636,816 | 779,281,642 | 1,417,605,922 |
| Less: Manufacturing Expenses | 68,121,327 | 66,715,781 | 138,258,217 |
| **Gross Profit** | **1,184,631,350** | **966,285,466** | **1,573,041,589** |
| Other Operating Income | 64,318,758 | 44,762,496 | 52,409,728 |
| **Total Income from Operations** | **1,248,950,108** | **1,011,047,962** | **1,625,451,317** |
| Employee benefit expenses | 158,246,880 | 140,666,446 | 184,604,863 |
| Administrative Expenses | 162,003,633 | 120,218,095 | 171,070,712 |
| Selling & Distribution Expenses | 223,856,082 | 111,719,044 | 454,134,609 |
| **Operating Profit** | **704,843,512** | **638,444,377** | **815,641,133** |
| Depreciation and Amortization | 49,744,496 | 37,114,025 | 55,773,747 |
| Finance Expenses | 29,474,615 | 14,534,241 | 19,813,073 |
| **Profit Before Tax** | **625,624,402** | **586,796,112** | **740,054,313** |
| Current Tax/Tax Adjustment | 159,534,222 | 149,633,009 | 203,011,567 |
| **Net Profit for the Period** | **466,090,179** | **437,163,103** | **537,042,746** |

**Financial Ratios**

| | | | |
|---|---|---|---|
| Earning Per Share Ratio: Basic | **80.57** | **100.76** | **139.26** |
| Earning Per Share Ratio: Diluted | **80.57** | **100.76** | **139.26** |
| Price Earning Ratio: | **19.85** | **12.70** | **9.69** |
| Net Worth Per Share Ratio: | **216.73** | **211.73** | **256.32** |
| Net Assets Per Share Ratio: | **222.00** | **217.39** | **264.69** |
| Liquidity Ratio: | **1.95** | **1.96** | **2.00** |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply the Nepal Financial Reporting Standards